दोस्रो पटक प्रकाशन

# धर्मदेवी नगरपालिका

## मुढेशनिश्चरे, संखुवासभा ।

१ नं.प्रदेश, नेपाल
Province No.1, Nepal

प.सं./Ltr.NO :- (प्रशासन ०७७/०७८)
च.नं./Ref.NO :-

दोस्रो पटक प्रकाशन मिति:-२०७७/०७/१९

यस धर्मदेवी नगरपालिकाका क्षेत्रधिकार भित्र पर्ने देहाय बमोजिमको बजारहरुबाट आ.व. ०७७/०७८ को लागी हाट कर मिति २०७७/०७/१९ गतेको राजश्व परामर्श समितिको निर्णयानुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको शर्तहरुको अधिनमा रहि रितपूर्वकको गोप्य सिलबन्दी वोलपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धी सबैको जानकारीको लागी सात दिने सूचना प्रकाशन गरिएको छ ।

| सि. न. | बजार क्षेत्रहरु | न्युनतम रकम रु | वोलपत्र रकम |
|---|---|---|---|
| १ | धर्मदेवी नगरपालिका क्षेत्र भित्र | २५०,०००।- | ५००।- |
| | जम्मा रु | २,५०,०००।- | |

**शर्तहरु:**

१.ठेक्का अवधि सम्झौता मितिदेखी २०७७ असाढ मसान्त सम्म हुनेछ ।

२.वोलपत्रदाता आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३.आफुले कवोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी रकम राखी पेश गर्नु पर्ने छ । साथै नागिरकताको प्रतिलिपि पेश गर्नुपर्नछ ।

४.जुन व्यक्ति वा फर्मको नाम बाट वोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नाममा वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइनेछैन । साथै हुलाक सेवा ,कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन ।

५.सिलबन्दी खाममा वोलपत्र खाताको नाम र ठेगाना स्पष्ट रुपले खामको बाहिर उल्लेख गर्नुपर्नेछ ।

६.यो सूचना प्रकाशित भएको मितिले (७) सातौं दिन भित्र वोलपत्र फाराम धर्मदेवी नगरपालिकाको कार्यालयबाट खरिद गरी (८)आठौं दिनको ३.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको १.०० बजे देखी वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फारम खरिद गर्ने वा दर्ता अन्तिम दिन सार्वजनिक विदा पर्न गएका लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

७.बजारको वोलपत्र दाखिला गर्दा सम्बन्धित कार्यालयबाट प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्ने छ ।

८. पर्न आएको वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९.आफुले कबुल गरेको ठेक्कामा लाग्ने कर शुल्क वोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरि यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१०.वोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिने छ ।

११. ठेकेदारले सम्झौता पत्रमा तोकिएका वस्तुहरु मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ । सो भन्दा वढि दस्तुर र दर रेटमा कर दस्तुर असुल उपर गर्न पाइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner